नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी, भक्तपुर

## २०८० सालको माध्यमिक शिक्षा परीक्षा पुरक (ग्रेडबृद्धि) को समय तालिका सम्बन्धी सूचना

मिति २०८१/०३/१६ को राष्ट्रिय परीक्षा बोर्डको निर्णय अनुसार २०८० साल चैत्र १५ गते देखि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (SEE) मा **नियमित परीक्षार्थी**को रुपमा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीहरुका लागि देहायबमोजिमको समय तालिका अनुसार पुरक (ग्रेडबृद्धि) परीक्षा सञ्चालन गर्ने/गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समय तालिका**

**परीक्षा सञ्चालन हुने समयः बिहान ११:०० बजेदेखि २:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०८१ साल साउन २३ गते बुधबार | अनिवार्य अङ्ग्रेजी |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत रचना/अनिवार्य अङ्ग्रेजी |
| | | मदर्सातर्फ : अनिवार्य अरेबिक भाषा/अनिवार्य अङ्ग्रेजी |
| २ | २०८१ साल साउन २४ गते बिहीबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी (Elective English) |
| ३ | २०८१ साल साउन २५ गते शुक्रबार | अनिवार्य गणित |
| ४ | २०८१ साल साउन २६ गते शनिबार | अनिवार्य विज्ञान तथा प्रविधि |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : शुक्लयजुर्वेद/सामवेद/ऋग्वेद/अथर्ववेद/नीतिशास्त्र/अनिवार्य विज्ञान तथा प्रविधि |
| | | मदर्सातर्फ : सिरत र इस्लामी/अनिवार्य विज्ञान तथा प्रविधि |
| ५ | २०८१ साल साउन २७ गते आइतबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक धारतर्फ : अनिवार्य सामाजिक अध्ययन/ऐच्छिक गणित |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : संस्कृत भाषा तथा व्याकरण |
| ६ | २०८१ साल साउन २८ गते सोमबार | साधारण तथा संस्कृत/वेदविद्याश्रमतर्फ : ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| | | प्राविधिक धारतर्फ : Animal Health, Industrial Agriculture and Fish Culture, Data Structure and OOP Concept Using C++, Building Construction and Drawing, Electrical Machine |
| ७ | २०८१ साल साउन २९ गते मंगलबार | साधारण तथा संस्कृत/वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू |
| | | प्राविधिक धारतर्फ : Dairy Product Technology, Food Crop Production, Computer Hardware, Electronics Repair & Maintenance, Highway Engineering, Basic Electronics |
| ८ | २०८१ साल साउन ३० गते बुधबार | **प्राविधिक धारतर्फ** : Veterinary Laboratory Technology, Horticulture Crop Production, Data Based Management System, Engineering Surveying, Industrial Installation and Maintenance |
| ९ | २०८१ साल साउन ३१ गते बिहीबार | **प्राविधिक धारतर्फ** : Aquaculture and Fisheries, Floriculture and Nursery Management, Digital Design & Microprocessor, Estimating, Costing and Supervision, Utilization of Electrical Energy |

**द्रष्टव्यः**

१. परीक्षाको आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट www.see.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।

२. कुनै आकस्मिक बिदा पर्न गएमा पनि राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाविना परीक्षा स्थगित हुनेछैन ।

३. परीक्षार्थीले आवेदन फाराम भरी प्रति परीक्षार्थी रु. ५००।- राजश्व खाता नं १४२२३ मा जम्मा गरेको भौचर, प्रवेशपत्रको प्रतिलिपि र ग्रेडसिट (वेवसाइटबाट डाउनलोड गरेको) सहित संलग्न राखी सम्बन्धित विद्यालयमार्फत मिति २०८१ साउन १६ गतेसम्ममा शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्नुपर्नेछ ।

४. २०८० सालको नियमित परीक्षाको प्रवेशपत्र नै पुरक परीक्षाको प्रवेशपत्र कायम गरिएकोले सोही प्रवेशपत्रका आधारमा परीक्षामा सहभागी हुनुपर्नेछ ।

५. परीक्षा केन्द्रहरूको जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइहरूबाट हुनेछ ।

६. तोकिएको केन्द्र र तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।

७. परीक्षाफल रद्द भएका परीक्षार्थीहरु ग्रेडबृद्धि परीक्षामा सहभागी हुन पाउने छैनन् ।

८. शिक्षा विकास तथा समन्वय इकाइहरुले पुरक (ग्रेडबृद्धि) परीक्षामा सामेल हुन आवेदन फाराम भर्ने परीक्षार्थीहरुको विवरण २०८१ साल साउन १८ गते सम्ममा विद्यालयगतरुपमा विषय समेत खुल्ने गरी परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा आइपुग्ने गरी पठाउनुहुन र परीक्षार्थीले बुझाएको आवेदन फाराम ६ महिनासम्म शिक्षा विकास तथा समन्वय इकाइले नै सुरक्षित राख्नुहुन अनुरोध छ ।

९. परीक्षा सम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नम्बरहरू ०१-६६३०७३९ र ०१-६६३००७० मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.see.gov.np मा पनि हेर्न सकिनेछ ।

**नियन्त्रक**